# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

### प्रदेश/स्थानीय प्रशासन र प्रदेश कानून सेवाका नवौं तहका पदको खुला, अन्तरतह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम एवं परीक्षा योजना

यस पाठ्यक्रम योजनालाई तीन चरणमा विभाजन गरिएको छ :

| | |
|---|---|
| प्रथम चरण :– लिखित परीक्षा (Written Examination) | पूर्णाङ्क :– २०० |
| द्वितीय चरण :– सक्षमता परीक्षण(Competency Test) | पूर्णाङ्क :– २० |
| तृतीय चरण :– अन्तर्वार्ता (Interview) | पूर्णाङ्क :– ३० |

प्रथम चरण :<u>लिखित परीक्षा योजना</u> **<u>(Written Examination Scheme)</u>**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्नसंख्या × अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन र व्यवस्थापन (सबै सेवा समूहको लागि) | १०० | ४० | सैद्धान्तिक – तर्कयुक्त र विश्लेषणात्मक (Theoretical - Critical Analysis) | १ प्रश्न × १५ अङ्क | ३ घण्टा |
| | | | | समस्या समाधान (Problem Solving) | ३ प्रश्न × २० अङ्क | |
| | | | | मामिला विश्लेषण (Case Analysis) | १ प्रश्न × २५ अङ्क | |
| द्वितीय | सेवा सम्बन्धी (प्रत्येक सेवा/समूहका लागि छुट्टाछुट्टै) | १०० | ४० | सैद्धान्तिक –तर्कयुक्त र विश्लेषणात्मक (Theoretical - Critical Analysis) | १ प्रश्न × १५ अङ्क | ३ घण्टा |
| | | | | समस्या समाधान (Problem Solving) | ३ प्रश्न × २० अङ्क | |
| | | | | मामिला विश्लेषण (Case Analysis) | १ प्रश्न × २५ अङ्क | |

द्वितीय चरण : सक्षमता परीक्षण**(Competency Test)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| In Basket Exercise | २० | लिखित अभ्यास (Written Exercise) | ५० मिनेट |

तृतीय चरण :–अन्तर्वार्ता **(Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तर्वार्ता (Interview) | ३० | बोर्ड अन्तर्वार्ता (Board Interview) |

**प्रदेश लोक सेवा आयोग**

गण्डकी प्रदेश, पोखरा

प्रदेश/स्थानीय प्रशासन र प्रदेश कानून सेवाका नवौं तहका पदको खुला, अन्तरतह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम एवं परीक्षा योजना

**द्रष्टव्यः**

१. माथि परीक्षा योजनामा उल्लिखित प्रथम चरणको लिखित परीक्षामा प्रथम पत्र – प्रशासन र व्यवस्थापन प्रशासन (सामान्य प्रशासन, लेखा समूह), कानून सेवाको लागि पाठ्यक्रमको विषयवस्तु एउटै हुनेछ । तर द्वितीयपत्र – सेवा/समूह विषयको पाठ्यक्रम सम्बन्धित सेवा/समूह अनुरुप फरक फरक हुनेछ ।

२. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

३. प्रथम पत्र प्रशासन र व्यवस्थापन विषयको लिखित परीक्षा माथि उल्लिखित प्रशासन र कानून सेवाका लागि संयुक्त रुपमा एउटै प्रश्नपत्रवाट एकैदिन हुनेछ । तर द्वितीय पत्र सम्बन्धित सेवा/समूह अनुरुप फरक फरक विषयको लिखित परीक्षा सेवा/समूह अनुरुप अलग अलग दिन हुनेछ ।

४. प्रथम र द्वितीय पत्रको लिखित परीक्षा अलग अलग दिनमा हुनेछ ।

५. लिखित परीक्षामा यथासम्भव पाठ्यक्रमका सबै एकाइबाट प्रश्नहरु सोधिनेछ साथै परीक्षा योजनामा उल्लेख भए वमोजिमका सैद्धान्तिक–तर्कयुक्त र विश्लेषणात्मक, समस्या समाधान र मामिला विश्लेषणका प्रश्नहरु पाठ्यक्रमका जुनसुकै एकाइबाट पनि सोध्न सकिनेछ ।

६. प्रत्येक पत्र/विषयका प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परिक्षार्थीले प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

७. यस पाठयक्रम योजना अन्तर्गतका पत्र/विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

८. प्रथम चरणको परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ । साथै द्वितीय चरणको परीक्षामा सहभागी भएपछि मात्र तृतीय चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

९. पाठयक्रम लागू मिति :- २०८०।०५।१२

# प्रदेश लोक सेवा आयोग

## गण्डकी प्रदेश, पोखरा

### प्रदेश/स्थानीय प्रशासन र प्रदेश कानून सेवाका नवौं तहका पदको खुला, अन्तरतह र आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि पाठ्यक्रम एवं परीक्षा योजना

**प्रथम पत्रः <u>प्रशासन र व्यवस्थापन</u>**

१. राज्य र सरकार

- १.१ नेपालको वर्तमान संविधान, नेपालमा संवैधानिक विकास र त्यसको विश्लेषणात्मक समीक्षा
- १.२ राज्य शक्तिको बाँडफाँड, शक्ति पृथकीकरण र शक्ति सन्तुलन : नेपालमा यसको अभ्यास
- १.३ सरकारको कार्यक्षेत्र र भूमिका
- १.४ संघीय प्रणाली र नेपालमा संघीय शासन व्यवस्था
- १.५ संघ, प्रदेश र स्थानीय तहको भूमिका, जिम्मेवारी र कार्यहरु
- १.६ अन्तर सरकार व्यवस्थापन (Inter-Governmental Management-IGM), तीन तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वय
- १.७ संघीय, प्रदेश र स्थानीय तहको व्यवस्थापिकाको संरचना र कार्यप्रणाली
- १.८ संघीय संसद/प्रदेश सभा, विषयगत समिति र संवैधानिक निकायहरु बीचको अन्तरसम्बन्ध
- १.९ लोकतन्त्रका मूल्यहरु र नेपालमा यसको अवस्था
- १.१० प्रतिनिधित्वको सिद्धान्त र निर्वाचन प्रणालीका प्रकार (Types of Electoral System)

२. सार्वजनिक प्रशासन र व्यवस्थापन (Public Administration & Management)

- २.१ मानव पूँजी व्यवस्थापन (Human Capital Management)
- २.२ संगठनात्मक स्वरुप (Organizational Structure)
- २.३ कर्मचारी प्रशासनका विविध पक्षहरु
- २.४ नेपालको निजामती सेवाः वर्तमान अवस्था र भविष्यको स्वरुप
- २.५ राजनीति र प्रशासनको अन्तरसम्बन्ध
- २.६ नेपालको सार्वजनिक प्रशासनः सुधारका प्रयास एवं चुनौती
- २.७ व्यवस्थापनको अवधारणा, सिद्धान्त र नवीनतम प्रवृतिहरु
- २.८ व्यवस्थापनका विभिन्न पक्षहरु : नेतृत्व (Leadership), उत्प्रेरणा (Motivation), मनोबल (Morale), निर्णय प्रक्रिया (Decision Making Process), संगठनात्मक व्यवहार (Organizational Behaviour) र कार्य संस्कृति (Work Culture)
- २.९ प्रकोप/विपद् व्यवस्थापन (Disaster Management), परिवर्तन व्यवस्थापन (Management of Change), संकट व्यवस्थापन (Crisis Management), विवाद व्यवस्थापन/समाधान (Conflict Management), तनाव व्यवस्थापन (Stress Management), समय व्यवस्थापन (Time Management), वार्ता तथा सम्झौता गर्ने सीपहरु (Negotiation & Agreement Skills)
- २.१० सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन र मूल्यांकन

३. विकासका आयाम र पक्षहरु (Dimensions & Aspects of Development)

- ३.१ विकास : अवधारणा र नवीनतम उपागम (Recent Approaches)
- ३.२ विकासका आयामहरु (Dimensions of Development): दिगो विकास (Sustainable Development), समावेशी विकास (Inclusive Development), सहभागितामूलक विकास (Participatory Development), गरीबी निवारण(Poverty Alleviation), लैङ्गिक सवाल

(Gender Issues), जलबायु परिवर्तन (Climate Change), सार्वजनिक निजी साझेदारी (Public Private Partnership), विश्वव्यापीकरण, आर्थिक उदारीकरण र निजीकरण (Globalization, Economic Liberalization and Privatization)

३.३ नेपालमा लगानी मैत्री वातावरण (Investment Friendly Climate in Nepal) र नेपालको वैदेशिक लगानी नीति (Nepal's Foreign Investment Policy)

३.४ योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवं मूल्यांकन प्रक्रिया

३.५ आयोजना/परियोजना तर्जुमा र व्यवस्थापन (Project Planning and Management)

३.६ विकास सहयोग नीति (Development Co-operation Policy)

४. अर्थ व्यवस्था र सार्वजनिक वित्त व्यवस्थापन

४.१ विश्व अर्थ व्यवस्थाको स्वरुप र प्रवृति (Global Economy: Structure and Trends) र नेपालको अर्थतन्त्र

४.२ अर्थतन्त्रसँग सम्वद्ध योजना, स्रोत/साधनहरुको परिचालन, आर्थिक वृद्धि, विकास तथा रोजगारी

४.३ वित्त व्यवस्थापन (सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋण)

४.४ संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्य प्रणाली

४.५ राजस्वको सैद्धान्तिक अवधारणा र परिचालन

४.६ बजेटको सैद्धान्तिक पक्ष तथा बजेट तर्जुमा, कार्यान्वयन र मूल्यांकन प्रक्रिया

४.७ वित्त नीति र मौद्रिक नीति (Fiscal and Monetary Policy)

४.८ सार्वजनिक खरीद र यस सम्बन्धी कानूनी व्यवस्था

४.९ अन्तरसरकारी वित्तीय हस्तान्तरण, अनुदान तथा राजस्व बाँडफाँड र ऋण व्यवस्थापन

४.१० नेपालमा सरकारी लेखा प्रणाली र लेखा परीक्षण प्रणाली

४.११ सार्वजनिक वित्तीय उत्तरदायित्व र जिम्मेवारी

५. सार्वजनिक सेवा प्रवाह व्यवस्थापन र विविध

५.१ सार्वजनिक सेवा प्रवाह प्रणाली, सेवाको प्रारुप निर्माण र व्यवस्थापन (Service Design and Management), सेवा प्रवाहमा नवप्रवर्तन, सेवा प्रवाह गर्ने माध्यमहरु (Service Delivery Mechanism) र बैकल्पिक आयामहरु

५.२ सेवा प्रवाहमा एजेन्सीकरण (Agencification) र अर्ध- बजारीकरण (Quasi-marketization)

५.३ सुशासन, सदाचार, नैतिकता, निष्ठा र व्यवसायिकता

५.४ सूचनाको हक, पारदर्शिता (Transparency) र खुला शासन (Open Governance)

५.५ सम्पत्ति शुद्धिकरण (Money Laundering) र भ्रष्टाचार निवारण

५.६ जनसंख्याको वनोट र यसका विविध पक्षहरु

५.७ समावेशीकरणका विविध रुपहरु

५.८ सामाजिक न्याय, सामाजिक सुरक्षा र सामाजिक संरक्षण

५.९ नागरिक शिक्षा र विकास

५.१० ट्रेड यूनियन (Trade Union) र सामुहिक सौदावादी (Collective Bargaining)

५.११ नेपालको अन्तर्राष्ट्रिय सम्वन्ध, छिमेक सम्वन्ध, आर्थिक कुटनीति (Economic Diplomacy) र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिनिधित्व (Representation) तथा भूमिका

५.१२ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक मामिलाहरु